बैठक संख्याः ४/२०७९/०८०

मितिः २०७९/०६/३१

समयः दिउँसो ३:०० बजे

स्थानः भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक कक्ष

भूमे गाउँपालिकाका अध्यक्ष श्री **होम प्रकाश श्रेष्ठ**ज्यूको अध्यक्षता र देहायका कार्यपालिका सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी पेश भएका प्रस्तावहरु उपर छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

<u>उपस्थितिः</u>

| क्र.सं. | दस्तखत | नाम थर | पद | कार्यालय |
|---|---|---|---|---|
| १ | | होम प्रकाश श्रेष्ठ | अध्यक्ष | गाउँ कार्यपालिकाको कार्यालय |
| २ | | सविना बुढा | उपाध्यक्ष | गाउँ कार्यपालिकाको कार्यालय |
| ३ | | मनकाजी पुनमगर | वडा अध्यक्ष | १ नं. वडा कार्यालय |
| ४ | | रकम पुन मगर | का.वा वडा अध्यक्ष | २ नं. वडा कार्यालय |
| ५ | | प्रशुराम बुढा | वडा अध्यक्ष | ३ नं. वडा कार्यालय |
| ६ | | श्याम प्रसाद बुढा | वडा अध्यक्ष | ४ नं. वडा कार्यालय |
| ७ | | टेक प्रसाद बुढा | वडा अध्यक्ष | ५ नं. वडा कार्यालय |
| ८ | | विक्रम पुन मगर | वडा अध्यक्ष | ६ नं. वडा कार्यालय |
| ९ | | संगम रोका | वडा अध्यक्ष | ७ नं. वडा कार्यालय |
| १० | | दिनेश रोका | वडा अध्यक्ष | ८ नं. वडा कार्यालय |
| ११ | | विनोद बुढा | वडा अध्यक्ष | ९ नं. वडा कार्यालय |
| १२ | | सुनकुमारी रोका | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १३ | | भिमला वि.क. | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १४ | | फोमली बुढा | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १५ | | भारती नेपाली | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १६ | | भागिलाल दमाई | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १७ | | जीत बहादुर कामी | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १८ | | उपेन्द्र यादव | नि.प्र.प्र.अ. | गाउँ कार्यपालिकाको कार्यालय |
| अन्य | | | | |
| | | चेतन [illegible] [illegible] भूमे गा.पा. | | |
| | | जनक ओली | | |
| | | [illegible] | | |

भूमे गाउँपालिका, रुकुम (पूर्व)

बैठक सं. ४/०७९-८० मिति २०७९।०६।३१ कार्यपालिका बैठकको प्रस्ताव तथा निर्णयहरुको संक्षिप्त व्यहोरा

प्रस्तावहरु:

| प्रस्ताव नं. | बैठक प्रस्तावहरु | कैफियत |
|---|---|---|
| १ | निर्णय कार्यान्वयन समीक्षा सम्बन्धमा | |
| २ | सेवा प्रवाह समीक्षा सम्बन्धमा | |
| ३ | भुक्तानी सम्बन्धमा | |
| ४ | सडक मर्मत तथा भूक्तानी सम्बन्धमा | |
| ५ | विपद् व्यावस्थापन कार्यको भुक्तानी सम्बन्धमा | |
| ६ | सडक मर्मत तथा पुनः मर्मत सम्बन्धमा | |
| ७ | घ वर्गको निर्माण व्यवसायी ईजाजत पत्र प्रदान गर्ने सम्बन्धमा | |
| ८ | अघिल्लो आर्थिक वर्षको बाँकी भुक्तानी सम्बन्धमा | |
| ९ | कार्यक्रम कार्यान्वयन निर्देशिका स्वीकृति सम्बन्धमा | |
| १० | साप्ताहिक गतिविधि प्रकाशन सम्बन्धमा | |
| ११ | झोलुङ्गे पुल निर्माण सूची सम्बन्धमा | |
| १२ | आसन्न निर्वाचन कार्यक्रम सम्बन्धमा | |
| १३ | विपद् राहत सम्बन्धमा | |
| १४ | करार कर्मचारी सेवा सुविधा सम्बन्धमा | |
| १५ | | |
| १६ | | |

निर्णय प्रमाणित गर्दछु।
हस्ताक्षर:
मिति : २०७९।०६।३१
पद :
निमित्त प्रमुख प्रशासकीय अधिकृत

**भूमे गाउँपालिका, रुकुम (पूर्व)**

**बैठक सं. ४/०७९-८० मिति २०७९/०६/३१ कार्यपालिका बैठकको प्रस्ताव तथा निर्णयहरुको संक्षिप्त व्यहोरा**

**निर्णय नं. १:**

गाउँ कार्यपालिकाको चालु आर्थिक वर्ष २०७९/०८० को बैठक संख्या ३ को निर्णय कार्यान्वयनको समीक्षा गर्दा सबै निर्णय कार्यान्वयन नभएको र निर्णय कार्यान्वयनको चरणमा भएकाले निर्णय कार्यान्वयनलाई प्रभावकारी बनाउन सबै पदाधिकारी, कर्मचारी तथा शाखा/कार्यालयहरुलाई थप जिम्मेवार गराउने निर्णय सर्वसम्मत रुपमा गरियो ।

**निर्णय नं. २:**

भूमे गाउँपालिका अन्तर्गतका वडा कार्यालय, विषयगत शाखा तथा सेवा केन्द्र/कार्यालयहरुबाट २०७९ असोज महिनाको हालसम्म सम्पादित सेवाहरुको प्रतिवेदन र हालसम्मको सेवा प्रवाह बारे समीक्षा गरी सेवा प्रवाहलाई अझ प्रभावकारी बनाउने, प्रथम त्रैमासिक अवधिको समीक्षा तथा सार्वजनिक सुनुवाई कार्यक्रम शीघ्र गर्ने गरियो।

**निर्णय नं. ३:**

भूमे गाउँपालिका अन्तर्गतका तपसिल बमोजिमका सडकहरु दशैंअघि मर्मत कार्य सम्पन्न भई सञ्चालन भएकोमा विपद (मिति २०७९ असोज १६ देखि परेको अविरल वर्षात)का कारण विभिन्न स्थानमा पहिरो गई पुनः अवरुद्ध भएकाले तत्कालीन प्राविधिक मूल्याङ्कन बमोजिम भुक्तानी गर्ने निर्णय गरियो

| क्र.सं. | सडकको नाम | सम्पन्न परिमाण | भुक्तानी हुने रकम |
|---|---|---|---|
| १ | दोमही कोर्जा सडक | ६३,९००/- | कार्यसम्पन्न नभएको, लग बुक र प्राविधिक मूल्याङनको आधारमा भूक्तानी गर्ने |
| २ | जितखोला सिमा झुम्लाबाङ क्याङ्सी सडक | | लग बुक र प्राविधिक मूल्याङनको आधारमा भूक्तानी गर्ने |
| ३ | झुम्लाबाङ क्याङ्सी गाबाङ सडक | | लग बुक र प्राविधिक मूल्याङनको आधारमा भूक्तानी गर्ने |
| ४ | खाबाङबगर क्याङ्सी झुम्लाबाङ सडक | | लग बुक र प्राविधिक मूल्याङनको आधारमा भूक्तानी गर्ने |
| ५ | सिमा मोराबाङ काँडा सडक | १,२५,४४३.५०/- | |
| ६ | खाबाङबगर महत धर्मशाला सडक | १,७६०००/- | |
| ७ | दुइखोली गैरीगाउँ भेरिडाँडा सडक | | लग बुक र प्राविधिक मूल्याङनको आधारमा भूक्तानी गर्ने |
| ८ | जुम्ले दुङ्गा डाँडागाउँ सिमचौर सडक | १,४१,६१४.४९/- | |
| ९ | बन्चरे सिमचौर सडक | | लग बुक र प्राविधिक मूल्याङनको आधारमा भूक्तानी गर्ने |
| १० | गैरीगाउँ बुढागाँउ गहुँ कम्द सडक | १९७३१.५२ | |
| ११ | मध्यपहाडी सडक खण्ड अन्तर्गतका विभिन्न स्थानमा | | लग बुक र प्राविधिक मूल्याङनको |

निर्णय प्रमाणित गर्नेको
हस्ताक्षर:
मिति २०७९/०७/२५
पद: प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| | मर्मत (धौलापहिरो, सहिदमार्ग कौक्री लुकुम हुँदै बाग्लुङ सिमाना पातिहाल्नेसम्म) | | आधारमा भूक्तानी गर्ने |

**निर्णय नं. ४:**

मिति २०७९ असोज १६ देखि परेको अवरल वर्षाका कारण गाउँपालिका अन्तर्गतका विभिन्न सडकहरुमा पहिरो आई मानव तथा सवारी साधन आवागमन अवरुद्ध भएकाले मर्मत कार्य अगाडि बढाइएकोमा सम्पन्न सडक यातायात सहज गराउने साथै मर्मत बापतको रकम गाउँपालिकाको सडक मर्मत शीर्षकबाट भुक्तानी गरी सोधभर्नाका लागि सम्बन्धित निकायहरुमा अनुरोध गर्ने निर्णय सर्वसम्मत रुपमा गरियो ।

**निर्णय नं. ५:**

विपत व्यावस्थापन कार्यको भूक्तानी सम्बन्धमा गत असार महिनाको अविरल वर्षाले गाबाङ सडकबाट क्षति पर्न गएको र थप क्षतिलाई नियन्त्रण गर्नको लागि विपद् व्यवस्थापन कोषबाट ग्याबिन वाल र मेसिनरी वाल निर्माण वापतको रकम रु.४९३,००० भुक्तानी गर्ने निर्णय सर्वसम्मत रुपमा गरीयो ।

**निर्णय नं. ६:**

भूमे गाउँपालिका अन्तर्गतका तपसिल बमोजिमका सडकहरु दशैंअघि मर्मत कार्य सम्पन्न भई सञ्चालन भएकोमा विपद (मिति २०७९ असोज १६ देखि परेको अविरल वर्षात)का कारण विभिन्न स्थानमा पहिरो गई पुनः अवरुद्ध भएकाले मर्मत नभएका सडकहरुलाई मर्मत गर्ने र मर्मत भएर पनि क्षति भएका सडकहरुलाई पुनः मर्मत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७:**

घ वर्गको व्यवसायी ईजाजत पत्र सम्बन्धी कार्यविधि २०७४ को दफा २ को उपदफा ४ बमोजिमको संलग्न कागजात र जाँचबुझ समितिको प्रतिवेदन बमोजिम "गुनाम कन्ट्रक्सन एण्ड ग्रिल उघोग प्रा.लि." भूमे- ७, गुनाम लाई घ बर्गको निर्माण व्यवसायी ईजाजत पत्र प्रदान गर्ने सम्बन्धमा आवश्यक सम्पूर्ण प्रकिया बारे जाँचबुझ गरी अर्को बैठकमा पेश गर्ने निर्णय गरियो।

**निर्णय नं. ८:**

अघिल्लो आर्थिक वर्ष र अघिल्लो स्थानीय सरकारको अवधिमा गाउँपालिका कार्यालयको फिल्ड प्राङ्गण निर्माण, ढुङ्गा फोड्ने तथा गाउँपालिका कार्यालयदेखि ट्रस पुलसम्म सडक निर्माण/मर्मत कार्य गरे वापत भुक्तानी बाँकी भएकाले सो कार्यवापतको रकम रु ४,५५,३९३.६५ श्री खाम बिल्डर्स एण्ड सप्लार्यस प्रा.लि.लाई गाउँपालिकाको सडक मर्मत तथा अन्य सार्वजनिक निर्माण शीर्षकबाट भुक्तानी गर्ने निर्णय सर्वसम्मत रुपमा गरियो।

**निर्णय नं. ९:**

भूमे गाउँपालिकाको चालु आर्थिक वर्षको स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयनका लागि पशु सेवा तर्फ र कृषि सेवातर्फका वार्षिक कार्यक्रम कार्यान्वयन निर्देशिका लाई परिमार्जन सहित स्वीकृत गर्ने गरी सोही बमोजिम कार्यक्रम कार्यान्वयन कार्य अगाडि बढाउने निर्णय सर्वसम्मत रुपमा गरियो।



निर्णय प्रमाणित गर्दछु।
हस्ताक्षरः
मिति: २०७९/०७/२५
पद: निमित्त प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. १०:**

गाउँपालिकाको नियमित गतिविधिलाई दस्तावेज तथा सम्प्रेषण गर्न, गाउँपालिकाको विकास र समृद्धिका लागि बहस केन्द्रित गर्न तथा बालबालिकाहरुको विविध पक्षको विकासमा प्रोत्साहन तथा ज्ञान आदानप्रदान गर्ने माध्यमको रुपमा विकास गर्ने गरी गाउँपालिकाको आधिकारिक साप्ताहिक गतिविधि बुलेटिन हरेक हप्ताको सोमबार प्रकाशन गर्ने गरी भूमे बुलेटिन (साप्ताहिक) प्रकाशन सम्बन्धि अवधारणापत्र स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११:**

गाउँपालिका भित्र निर्माण गर्नुपर्ने झोलुङ्गे पुलहरुको सूची सम्बन्धमा छलफल गरी उक्त सूचीहरु पुनः अद्यावधिक तथा प्राथमिकीकरण गर्न गाउँपालिका अन्तर्गतका सबै वडा कार्यालयहरुले कात्तिक मसान्तभित्र गाउँपालिका कार्यालयमा पेश गर्ने र तत्काल झोलुङ्गे पुल निर्माण सर्वे गर्नका लागि कात्तिक महिनाभित्र वडाबाट संकलन झोलुङ्गे पुलहरु छनौट गरी कायदिश दिने निर्णय गरियो:

**निर्णय नं. १२:**

आगामी मङ्सिर ४ गते हुने प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य निर्वाचनका लागि तोकिएका मतदानस्थलहरुको सुरक्षा व्यवस्थापनका लागि सम्बन्धित वडा कार्यालय तथा विद्यालयलाई आवश्यक व्यवस्था गर्न निर्देशन दिने साथै सहज पहुँचका लागि सडक मर्मत कार्य तत्काल अगाडि बढाउने, निर्वाचन अवधिका लागि कार्यालयमा उपलब्ध सवारी साधन तथा मेशिनरी औजारहरु तत्काल मर्मत गरी तयारी अवस्थामा राख्ने साथै सुरक्षा निकाय तथा निर्वाचन प्रयोजनका लागि सार्वजनिक तथा सामुदायिक भवनहरु तयारी अवस्थामा राख्नुका साथै आसन्न निर्वाचनलाई सफल पार्न र निर्वाचन आचारसंहिता पालना गर्न गराउन आआफ्नो स्थानबाट भूमिका निर्वाह गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३:**

विभिन्न मितिमा आएको विपद्का घटनाबाट क्षति भएका तपसिल बमोजिम मापदण्ड बमोजिम राहत प्रदान गर्ने निर्णय गरियो ।

| क्र.सं. | पीडितको नाम | वडा नं | क्षतिको विवरण | राहत रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | धन बहादुर रोका | ७ धर्मशाला | मिति २०७९।०६।१८ गतेको पहिरोबाट घर पूर्ण रुपमा क्षति भएको | १७५०० | |
| २ | सम्पूर्ण रोका | ७ धर्मशाला | ३ रोपनी जग्गा केही आशंक पहिरोबाट घरमा क्षति भएको | | प्राप्त अनुगमन प्रतिवेदनको आधारमा गाउँपालिकाको राहत वितरण सम्बन्धी मापदण्ड बमोजिम जोखिम न्यूनीकरणको उपाय अबलम्बनको |
| ३ | गंगाविर पुन मगर | भूमे ७ गुनाम | दक्षिण भागमा | | |

भूमे गाउँपालिका, रुकुम (पुर्व)

बैठक सं. ४/०७९-८० मिति २०७९/०६/३१ कार्यपालिका बैठकको प्रस्ताव तथा निर्णयहरुको संक्षिप्त व्यहोरा

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | व्यवस्था गर्ने |
| ४ | धनबहादुर कामी | भूमे ७ | | | |
| ५ | राम बहादुर बुढा | भूमे २ | | १७५०० | |
| ६ | पुरविर बुढा | भूमे २ | | १७५०० | |
| ७ | फर्क बहादुर घर्ति | भूमे २ खाबाङ | घर पूर्ण रुपमा भत्किएको अवस्था । | १७५०० | |

निर्णय नं. १४:

भूमे गाउँपालिका गाउँकार्यापालिकाको कार्यालय, अन्तर्गतका शाखा उपशाखा फाँट इकाई वडा कार्यालयहरुमा स्वीकृत दरबन्दीमा कार्यरत करार तथा स्वयंमसेवक कर्मचारीहरुको पारिश्रमिक सम्बन्धमा अर्को बैठकमा छलफल गर्ने निर्णय गरीयो ।

निर्णय प्रमाणित गर्दछु ।
हस्ताक्षर:
मिति: २०७९/०६/३१
पद: निमित्त प्रमुख प्रशासकीय अधिकृत